**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेको**

# तालिम आवेदन फाराम भर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/१०/०३ गते मङ्गलबार**

उपर्युक्त सम्बन्धमा वैदेशिक रोजगार बोर्डको सचिवालय र नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रे बीच चालु आ.व. २०७९/०८० मा भएको सम्झौतानुसार यस शिक्षालय र स्थानीय तहको सहकार्यमा जिल्लाका स्थानीय तहको मागमा आधारित तपसिल बमोजिमका छोटो अवधिका तालिमहरु निःशुल्क रुपमा सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले मिति २०७९/१०/०३ गतेदेखि मिति २०७९/१०/१७ गतेसम्म तालिम आवेदन फाराम भरि यस शिक्षालयमा वा २०/२० जनाको समूह हुने गरि नजिकको स्थानीय गाउँपालिका/नगरपालिका/वडा कार्यालय मार्फत् यस शिक्षालयमा बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै तालिम माग गर्ने स्थानीय तहहरुमध्ये पहिलो हुने प्रणाली अनुसार यस शिक्षालयमा तालिम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने स्थानीय तहलाई प्राथमिकता दिइनेछ।

**तपसिलः**

| क.सं. | तालिम विषय/पेशा | प्रशिक्षार्थी संख्या (जना) |
|---|---|---|
| १. | प्लम्बर | ४० |
| २. | मेसन | ६० |
| ३. | इलेक्ट्रिसियन | ४० |
| ४. | वेटर | २० |
| ५. | किचन सहायक | ८० |
| ६. | सेक्यूरिटी गार्ड | ४० |

**१. तालिममा सहभागी हुन आवश्यक पर्ने योग्यता :**

- साधारण लेखपढ।
- कम्तीमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेका।
- राष्ट्रिय सीप परीक्षण समिति तथा वैदेशिक रोजगार बोर्ड मार्फत् कुनै पनि पेशासँग सम्बन्धित तालिम तथा सीप परीक्षणमा सहभागी नभएको।

**२. तालिम अवधि :** प्रतिदिन ६ घण्टा/ २७-३० दिन (पाठ्यक्रम अनुसार)

**३. प्रशिक्षार्थी छनोट प्रक्रिया :**अन्तर्वार्ता।

**४. अन्तर्वार्ता संचालन स्थान :** नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलाञ्चोक वा सम्बन्धित स्थानीय निकाय।

**५. तालिम शुरु मिति :** अन्तर्वार्ताको नतिजा प्रकाशित भए पश्चात तोकिनेछ।

**६. फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि-१ प्रति
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो-२ प्रति

**७. अन्य विस्तृत जानकारीको लागि :**

- नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेको फोन ०११-६६४२९०, ०११-६६०८६७ मा सम्पर्क गर्न सकिनेछ।

**८. आवेदन फाराम भर्ने स्थान :** नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलाञ्चोक वा सम्बन्धित स्थानीय निकाय।

**९. फाराम वितरण सुरु मिति :** सूचना प्रकाशित भएको मितिदेखि विदाको दिन वाहेक (कार्यालय समयभित्र)।

**नोटः** १. प्रत्येक सहभागीहरुलाई वैदेशिक रोजगार बोर्डको नियमानुसार खाजा भत्ता उपलब्ध गराइनेछ।
२. तालिम पूर्ण रुपमा निःशुल्क हुनेछ।
३. सीप परीक्षणमा सहभागी हुन सहभागीहरुको ९०% हाजिरी पुग्नु पर्नेछ।
४. वैदेशिक रोजगारीमा जाने पासपोर्ट तयार गरेकालाई पहिलो प्राथमिकता दिइनेछ।

**शिक्षालय प्रमुख**